# रोशी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ भागः २ मितिः २०७७/११/०८

## भाग - २

## रोशी गाउँपालिका

रोशी गाउँपालिकाको बोधिचित्त माला संरक्षण तथा ब्यबस्थापन कार्यविधि, २०७६ लाई संसोधन गर्न वान्छनीय भएकोले रोशी गाउँपालिकाले देहायको कार्यविधि बनाएको छ।

सम्वत् २०७६ सालको कार्यबिधि नं: ५

# रोशी गाउँपालिकाको बोधिचित्त माला संरक्षण तथा व्यवस्थापन (पहिलो संसोधन) कार्यविधि, २०७७

**१. संक्षिप्त नाम र प्रारंम्भः**

क) यो कार्यबिधिको नाम “बोधिचित्त माला संरक्षण तथा व्यवस्थापन (पहिलो संसोधन) कार्यविधि, २०७७” रहेको छ।

ख) यो कार्यबिधि तत्काल लागु हुनेछ।

**२. बोधिचित्त माला संरक्षण तथा व्यवस्थापन कार्यविधि, २०७६ को परिच्छद् ३ मा संसोधनः** बोधिचित्त माला संरक्षण तथा व्यवस्थापन कार्यविधि, २०७६ को परिच्छेद ३ को बुँदा नं ५.१ को ङ मा क्रेताको नागरिकताको प्रतिलिपि भन्नेको सट्टा संस्थाको नविकरण गरेको प्रमाणपत्र भन्ने राखिएको छ। साथै बुँदा नं ५ को ५.४ पछि देहायको उपबुँदा थप गरिएको छ :

५.५ मालाधनीले एकपक्षसँग सम्झौता गरिसकेपछि मोलाहिजामा परि अर्को पक्षसँग सम्झौता गरेको पाईएमा उक्त ब्यक्तिसँगको सम्झौता गाउँपालिकाले रद्द गरी गाउँपालिकाले बिक्रि गर्ने र २५ % गाउँपालिकाले अशुल गरी बाँकी रकम सम्बन्धित जग्गा धनीलाई उपलब्ध गराउनेछ।

आज्ञाले
डम्बरु दाहाल
प्रमुख प्रशासकीय अधिकृत